
# साल्पासिलिछो गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ ज्यूले १३ औं गाउँसभा तथा आ.व. २०८०/८१ को बजेट अधिवेशन समक्ष पेश गर्नु भएको नीति तथा कार्यक्रम





## साल्पासिलिछो गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## चौकीडाँडा, भोजपुर ।

साल्पासिलिछो गाउँपालिकाको १३ औ वजेट अधिवेशनको यो गरिमामय सभाको सदस्य ज्युहरु, साल्पासिलिछो गाउँपालिका स्थित सम्पूर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्युहरु, विकास साझेदारी संस्था जी- फाउन्डेसन र पहाडी विकास तथा संरक्षण समूह नेपालका प्रतिनिधि ज्युहरु, सामाजिक संघ संस्थाका प्रतिनिधि ज्युहरु, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक शिक्षिका ज्युहरु, यस सभाका सचिव तथा सचिवालय सदस्य ज्युहरु, सल्पासिलिछो गाउँपालिकाको विभिन्न शाखामा कार्यरत शाखा प्रमुख ज्युहरु, सुरक्षा निकायका प्रमुख तथा अन्य सुरक्षाकर्मीज्युहरु, वडा सचिवज्युहरु तथा गाउँपालिका र वडापालिका भित्र कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्युहरु र उपस्थित साल्पासिलिछो वासी आदरणीय आमा-वावा, दाजु–भाइ तथा दिदि-वहिनीहरु, गाउँपालिकाको योजना, नीति तथा कार्यक्रम निर्माणको क्रममा सुझाव सल्लाह प्रदान गर्नुहुने सम्पूर्णमा गाउँपालिकाको तर्फवाट धन्यवाद, अभिवादन तथा हार्दिक स्वागत गर्दछु ।

प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्ती र स्थापना लगायत जनताको जनाधिकार, स्वतन्त्रता र मुक्तिको खातिर विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा देश र जनताको लागि आफ्नो प्राणको आहुति गर्नुहुने ज्ञात-अज्ञात महान सहिदहरु प्रति स-सम्मान भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । साथै घाइते, वेपत्ता हुनु भएका वीर योद्दाहरुलाई यस गरिमामय सभा वाट पूर्ण सु-स्वास्थ्यको कामना सहित स्मरण गर्न चाहान्छु । साथै यो मुलुकलाई स्वतन्त्र, धर्मनिरपेक्ष, समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक, समाजवाद उन्मुख, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र अभिभाज्य, अक्षुण्ण राखी सार्वभौमसत्ता सम्पन्न मुलुक वनाउन योगदान पुर्याउनु हुने सम्पूर्ण वीर पुर्खाहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

नेपालको संविधानले संघ ,प्रदेश र स्थानीय सरकार गरि ३ तहको सरकारको व्यवस्था गरेको छ । सवै तहका सरकारको आ-आफ्नो अधिकार र कार्य क्षेत्र तोकिएको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय सरकारले नेपालको संविधानको २०७२ को अनुसूची ५ मा संघको एकल अधिकार, अनुसूची ६ मा प्रदेशको अधिकार, अनुसुची ७ मा संघ र प्रदेशको साझा अधिकार, अनुसूची ८ मा स्थानीय सरकारको अधिकार र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए वमोजिम साथै स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरे वमोजिम गरिएको छ । हाम्रा वडाहरु स्रोत र साधनको दृष्टिकोणले पनि विविधतायुक्त रहेका छन् । प्राकृतिक स्रोत र साधनको सम्भाव्यता, उपलव्धता, आर्थिक तथा सामाजिक विकास पूर्वाधार र संस्थागत क्षमतामा पनि कहि न कहि भिन्नता रहेका छन् । यिनै भिन्नता र विविधताको विच साल्पासिलिछो गाउँपालिका सरकारले आफुलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार स्वयमले प्राप्ति गरेको स्रोत र साधनको अधिकतम र प्रभावकारी उपयोग गरि आफनो अधिकार क्षेत्र भित्र रही जनताको जिउधनको रक्षा, जनताको समता मुलक सहभागितामा आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, भौतिक विकास आदिको सन्तुलित विकास गर्नुपर्ने जिम्मेवारी स्थानीय सरकारको रहनेछ ।जनताका वास्तविक माग र

आवश्यकतालाइ प्राथमिकिकरण गरि थप प्रभावकारिता ल्याउन पर्याप्त अधिकार र जिम्मेवारी सहित हामि जनप्रतिनिधिहरु निर्वाचित भएको आज १ वर्ष पुरा भएको छ । हामीले हाम्रो स्थानीय तहको विकासको लागि सम्भावना र सरोकारवाला पक्षहरु संगको सहकार्यको माध्यम वाट हामीले हाम्रो नीति तथा कार्यक्रमलाइ जनतामुखी र जन-उत्तरदायी वनाउनु अनिवार्य रहेको छ । गाउँपालिकाको विकास निर्माण कार्यमा दोहोरोपन हटाउन र सवैको प्रयासलाई जनमुखी ढंगले नियमित र व्यवस्थित वनाउन र विकास साझेदार संस्थाहरुको कार्यक्रमहरुलाई जनता समक्ष पुर्याउन गाउँपालिकाको अग्रणी भूमिका रहेको छ । हाम्रा विकास सम्भावनाहरुलाई जनचाहना अनुरुप कुशलतापुर्वक कार्यरुप दिन उपलव्ध साधन र स्रोतको समुचित उपयोगमा ध्यान दिनु पर्ने आवश्यकतालाई मध्यनजर गरि आवश्यकता, सम्भावना, उपलव्ध साधन स्रोतलाइ **अति आवश्यक कार्य, अनिवार्य कार्य र ऐच्छिक कार्यको** रुपमा परिचालन गरि साल्पासिलिछो गाउँपालिका लाइ हाम्रो र राम्रो गाउँपालिका वनाउने उदेश्यका साथ आर्थिक वर्ष २०८०/०८१ को वजेट नीति तथा कार्यक्रम तयार पारिएको छ ।

**(ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सो बाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले हाम्रो साल्पसिलिछो लाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणका वजेट रु८० लाखका दरले कटौती हुन् गइ नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ हजार देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण हाम्रा गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन सक्ने अवस्था छ । उब्जाउ खेत वारी बाँझो हुन सक्ने सम्भावना छ । यस सन्दर्भमा युवालाइ गाउभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा वन्न पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो साल्पासिलिछोको आन्तरिक अर्थतन्त्रलाई उत्पादनसिल क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध साल्पासिलिछो सुखी साल्पासिलिछोवासी मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिका तथा वडाका कर्मचारी साथै जनप्रतिनिधिहरु समेतको क्षमता विकास गर्न समेत अपरिहार्य रहेको छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रवाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

### (ग) विकास तथा समृद्धिको लक्ष्य प्रासिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, वार्षिक योजना, पंचवर्षीय योजना, गुरु योजना तर्जुमाको अभ्यास हुनु ।

३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।

४। गाउँपालिका भित्र प्राकृतिक सुन्दरता, जैविक तथा सांस्कृतिक विविधता रहनु ।

५। सबै वडाहरुमा मुख्य सडक पूर्वाधारको पहुँच पुग्नु ।

६। सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा निर्माण हुने भौतिक संरचना तथा उपभोग्य सामाग्री दुवानी साथै उत्पादित कृषिजन्य उत्पादनलाइ केहि हदसम्म बजार सम्मको पहुँच वृद्धि हुनु ।

७। प्रशस्त जलश्रोतको कारण जलविद्युतको प्रचुर सम्भावना हुनु ।

८। नेपाली हाते कागज उद्योग, अल्लो उद्योग, ऊन द्रारा निर्मित फेल्ट उद्योग, वास उद्योग कृषिजन्य उद्योग आदि लघु उद्योगको सम्भावना रहनु ।

९। साल्पासिलिछोको संरक्षण तथा विकास संगै सोप्लुंग ट्रेल, योगमाया तपस्य स्थल सहितको विकास र विस्तार वाट एकीकृत पर्यटन उद्योगको सम्भावना रहनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१। व्यावसायिक तथा श्रम सस्कार सहितको रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२। कृषकलाई बजारसम्मको पहुच निर्माण गर्नु ।

३। गुणस्तरीय बीउबिजन तथा रसायनिक मलको आयातलाइ निरुत्साहित वनाई साल्पासिलिछो भित्रै आवश्यकता अनुसारको कम्पोस्ट मल उत्पादन गरि साल्पासिलिछो वासीलाई उपलब्ध गराउन ।

४। युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गरी व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु

५। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु ।

६ वालविवाह र वहुविवाहको जस्ता गैरकानुनी कार्य रोक्नु ।

७ निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८ सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९ भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका ठाउहरुमा घर तथा वस्ती निर्माण कार्यलाई रोक्नु।

१०अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा एकीकृत वस्ती विकास गर्नु।

११ बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।

१२सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

**१३** प्राकृतिक स्रोत तथा नदिजन्य ढुंगा, वालुवा, गिट्टी आदिको मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

**१४** विभिन्न कालखण्डमा गाउँपालिका भित्र निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

१. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था,

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान,

३. राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८,

४. पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू

५. दिगो विकास लक्ष्य २०३० को मार्गचित्र,

६. गाउँपालिकाको आवधिक योजना तथा गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान विभिन्न चरणको सहभागितामूलक छलफल प्रक्रिया समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

**(ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका केहि उपलब्धीहरु ,**

**सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म पक्कि सडक नभएपनि ग्राभेल र धुले वा कच्ची सडक गाउँपालिकाको सवै वडामा पुगेकोछ। विशेष गरि कुलुंङको बूम्लिंङटार- घुमाउने, कुलुंङ शहकारी- चौकिडाडा- गोथेवाजार -याक्सा सम्म सर्वयाम यातायातको साधन संचालन हुने व्यवस्था भएको छ । नया सडक निर्माण तर्फ १. मातेल- फेदी जौवारी २. यांङमा –ओखरवोटे ३. फेदी- च्याक्सिला ३. दाङमाया- ओसेप्ला ४. खार्दाक - भामला ५. लप्सेवेसी-पन्चकन्या प्रा.वि खाटाङमा ६. जिमी गाउ-दगवेला-त्यालुंङ- महाङकाली प्रा.वि ७. जाल्पादेवी देवि – काम्लेटार आदि सडक निर्माण कार्य सम्पन्न भएको छ ।सडकको स्तरोउन्नती तर्फ १. दोभाने- सालेवा २. वेङखुवा- मेमपाङ ३. याक्सा –खाटाङमा ४. कार्तिके- तालखर्क सडक स्तारोंन्तीको कार्य संम्पन्न भएको छ ।

गाउँपालिकाले विभिन्न वस्ती, सरकारी कार्यालय र पर्यटकीय क्षेत्रहरूमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ ।गाउँपालिकाबाट अन्य गाउँपालिका/ नगरपालिका र छिमेकी जिल्लाहरु संखुवासभा, खोटांङ र सोलुखुम्बु तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँच विस्तारमा निरन्तर लागिरहेको छ ।

**सिंचाइ तथा खानेपानी :**

माग र आवश्यकताको आधारमा गाउँपालिकाले आफ्नो श्रोत र साधन मार्फत गाउँपालिकाको सवै वडाहरुमा संघीय सरकार, प्रदेश सरकार र स्विस सरकार र गाउँपालिकाको संयुक्त लागानीमा र गाउँपालिकाको आफनै श्रोतमा समेत विभिन्न वडामा तपसिल वोमोजिमका सिंचाइ तथा खानेपानी आयोजना संचालन गरेको छ ।

**सिचाई तर्फ :**

१. खिसिम्मा खोला वुम्लिंङ सिचाई २. मुडुलेचौर वडरे खाल्डे चौतारे कुभिन्डे सिचाई ३. भीरकुना लप्सेफेदी गोथेवाजार सिचाई ।

**खानेपानी आयोजना तर्फ** :

१. तेन्दो खानेपानी आयोजना २. छेरलुम्मा वार्तोला खानेपानी आयोजना ३ .चोक्टी सेमाताक खानेपानी आयोजना ४. सिल्वास खानेपानी खानेपानी आयोजना ५. कुलुंङ – चौकिडाडा खानेपानी आयोजना ६. सुक्तिलिम्ला दाम्थाला खानेपानी आयोजना आदि, खानेपानी र सिचाइको कार्यहरु सम्पन्न गरेको छ । साथै आगामी आर्थिक वर्षमा समेत सो प्रकृतिका आयोजनाहरु संचालन हुने अवस्था सृजना भएकोछ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह ,) का क्षेत्रमा भएका उपलब्धी**

**शिक्षा :-**

गाउँपालिका भित्र ६ ओटा माध्यामिक विद्यालय र ६ ओटा आधारभूत विद्यालयहरु रहेको छ ।६ ओटा माध्यामिक विद्यालय मध्ये ३ ओटा माध्यामिक विद्यालयहरु ( ठोट्नेरी माध्यामिक विद्यालय, जाल्पादेवी माध्यामिक विद्यालय , इन्द्रावती माध्यामिक विद्यालय ) साथै ६ ओटै आधारभूत विद्यालय ( सरस्वती आधारभूत विद्यालय बुम्लिंङ, हिमालय आधारभूत विद्यालय ताल, आइतवारे आधारभूत विद्यालय थुम्लुंङ, जनामित्र आधारभूत विद्यालय यांङमा , चन्द्रावती आधारभूत विद्यालय फेदी, लक्ष्मी साल्पा आधारभूत विद्यालय च्याक्सिला ) शिक्षक दरवन्दी विहिन रहेकोछ । सो दरवन्दी विहिन विद्यालयहारुमा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा मार्फत स्थानीय दरवन्दी सख्या १० सृजना गरी विद्यालयहरु लाइ उपलव्ध गराइएको छ । गाउँपालिका तथा शिक्षा युवा तथा खेलकुद शाखाको संयोजनमा संघीय सरकार र प्रदेश सरकार मार्फत समेत ११ ओटा शिक्षक अनुदान कोटा पाप्त गर्न सकिएको छ । प्राथमिक र आधारभूत विद्यालयहरुमा १२ ओटा वालविकास कोटा सिर्जना गरि विद्यालयहरु लाइ प्रदान गरिएको ।रास्ट्रपती शैक्षिक सुधार कार्यक्रम मार्फत इन्द्रावती माध्यामिक विद्यालय लाइ ४ कोठे पक्कि भवन र सालेवा माध्यामिक विद्यालयलाई २ कोठे भवन साथै ठोट्नेरी माध्यामिक विद्यालय र चन्द्रावती आधारभूत विद्यालय लाइ रु ६ लाख ५० / ६ लाख पचास हजार वरावरको प्रविधिमैत्री सिकाइ कार्यक्रम अन्तर्गत अनुदान प्रास हुन् सकेको छ । गाउपालिकको ससर्त वजेट मार्फत जाल्पा माध्यामिक विद्यालय चौकीडाडालाइ इ-लाइवेरी रु ६ लाख पचास हजार र सरस्वती आधारभूत विद्यालय बुम्लिंग लाइ ६ लाख पचास हजार वरावरको विज्ञान प्रयोगशाला अनुदान प्रदान गरिएको छ । कार्यसम्पादनमा आधारित प्रोत्साहान अनुदान रु, ५० हजारका दरले ५ ओटा प्रा.विहरु जाल्पा प्रा.वि स्याम्मा ,जनकल्याण प्रा. वि ओसेप्ला , सिलिचुंग प्रा.वि. मातेल, जयकला प्रा.वि चौकिडाडा र सिंहमालिका प्रा.वि काम्लेटार लाइ वितरण गरिएको छ । गाउँपालिकाको पहलमा प्रदेश सरकार मार्फत सालेवा मा.वि सालेवा, हिमालय आधारभूत विद्यालय ताल, वीरेन्द्र माध्यामिक विद्यालय कुलुंङ तथा सिहमालिका प्रा.वि काम्लेटार लाइ विद्यालय घेरावारा वापत रु ६ लाखको दरले वजेट प्रास भइ सम्वन्धित विद्यालयहरु लाइ वितरण गरिएको छ । साथै विद्यार्थी सिकाइ प्रोत्सहान वा उत्कृष्ट प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत कक्षा ८ उर्तिण उत्कृष्ट छात्र / छात्रा हरुलाई क्रमश २० र २५ हजार एस .इ .इ उत्रिण उत्कृष्ट छात्र / छात्रा हरुलाई क्रमश ४० र ५० हजार तथा एस.इ.इ.मा जिल्ला उत्कृस्ट विद्यार्थी १ जनालाई रु १ लाख रुपैया प्रोत्साहन प्रदान गर्ने साथै सवै विद्यालयहरुका विद्यालय परिवारले शुद्द पिउनेपानी पिउन सकोस भन्ने उद्देश्यका साथ फिल्टरको व्यवस्था गरेको छ ।

**स्वास्थ्य :**

गाउँपालिका भित्र रहेको ५ ओटा स्वास्थ्य चौकी र ५ ओटा सामुदायिक स्वास्थ्य इकाई मध्ये थुम्लुंङ सामुदायिक स्वास्थ्य इकाई वडा न. ६, ताल सामुदायिक स्वास्थ्य इकाई चौकिडाडा वडा न. ३ र यांङमा सामुदायिक स्वास्थ्य इकाई वडा न .६ यसै आर्थिक वर्ष भित्र स्थापना भएको छ ।कुलुङ स्वास्थ्य चौकी

कुलुंङमा ल्यावको स्थापना तथा अनुभवी ल्याव टेक्निसियनको नियुक्ती तथा एम.वि.वि.एस डाक्टरको नियुक्ति प्रक्रिया अगाडी वढेको। सामुदायिक स्वास्थ्य इकाई फेदी र खाटाङमा स्वास्थ्य चौकीमा गर्भवती महिलाहरुको सुरक्षित गर्भपतनको अधिकार सुनिस्चित गर्न वर्थिङ सेन्टरको स्थापना तथा सवै वर्थीङ सेन्टरहरुमा SBA तालिम प्राप्त स्वास्थ्यकर्मीहरुको उपलव्धता गराइएको छ । गाउँपालिकामा ५ शैय्याको अस्पताल निर्माण कार्य अगाडी वढेको छ ।

**लक्षित समूह :**

सल्पासिलिछो गाउँपालिकाले लक्षित समूह अन्तर्गत जेष्ठ नागरिक सम्मान कार्यक्रम, अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम, घुम्ती स्वास्थ्य शिविर सेवा , घुम्ती आखा स्वास्थ्य शीविर कार्यक्रम , विद्यालय स्वास्थ्य शिविर कार्यक्रम, विद्यार्थीहरुको नेतृत्व विकास तालिम, महिला लक्षित स्वास्थ्य शिविर कार्यक्रम, महिला, दलित, अपाङ्गता, बालवालिका, जेष्ठ नागरिक, आदिवासी जनजाति आदि सवैका लागि विभिन्न क्षमता विकास तथा स्व-रोजगारमुखी सिपमुलक तालिम कार्यक्रम, स्वास्थ्य चौकीहरुको स्तरोन्नती लगायतका कार्यहरु संचालन गरेको छ । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा घुम्ती सेवा मार्फत सेवा प्रदान भएको लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ । विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका वडा स्तरीय, अन्तर वडा स्तरीय र अन्तर स्थानीय तह स्तरीय खेलकुद प्रतियोगिताहरु संचालन भएका छन् भने विशेष गरि वडा न ३, ४ र ५ मा खेल मैदान निर्माण र स्तरोन्नतीको कार्य भएका छन ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

कृषक, कृषक समुह तथा सहकारी संस्थालाइ व्यवसायिक कृषि तथा पशुपालनका क्षेत्रमा पालिका वाट १००% अनुदान र लागत साझेदारीको प्रक्रिया वाट वस्तु र नगद अनुदान प्रदान गरिएको , कृषकहरुको मागको आधारमा कृषि तथा भेटनरी शाखा वाट निशुल्क प्राविधिक सहयोग उपलव्ध गराइएको साथै कृषक स्वयम लाइ समेत लगानी गरि स्व-रोजगार वन्न उत्प्रेरित गरिएको छ । गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरू साल्पासिलिछो क्षेत्र र सोप्लुंग ट्रेल अन्तर्गत पर्ने पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्द्धनको लागि पालिका स्तरीय, अन्तरपालिका स्तरीय र अन्तर जिल्ला वैठकहरु सम्पन्न गरि २४ वुदे संकल्प पत्र समेत जारि गरि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय विराटनगरमा समेत जानकारी गराईएको छ । सहकारी र सहकारीको माध्यम वाट रोजगारी सृजना गर्न सहकारी स्थापना र उद्योग संचालनका निम्ति गाउँपालिका भित्र रहेको श्रम शक्तिलाइ सिलाइ कटाई, सावुन वनाउने तालिम, व्युटिपार्लर तालिम, वेत वास तालिम, मौरी पालन तथा घार निर्माण तालिम, कपाल काट्ने तालिम, लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन, अल्लो सामाग्री उत्पादन तालिम, फेल्ट तालिम (ऊन द्वारा निर्मित सामाग्री

) आदि सीपमूलक तालिम सञ्चालन गरिएकोछ । यसबाट थोरै भएपनि रोजगारी सृजनाको सकरात्मक संकेत प्राप्त भएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तारमा जोड दिइएको छ । गाउँपालिकामा रहेका सामुदायिक वनको उपयोग संरक्षण तथा वन पैदावार जन्य उद्योगको वारेमा साथै जलवायु परिवर्तन र यस वाट वातावरण साथै मानवीय जीवनमा पर्न सक्ने प्रभावको विषयमा छलफलको प्रारम्भ गरिएकोछ। दिगो फोहर ब्यवस्थापन तथा सरसफाइको लागि वडाका सबै टोलहरुमा टोल विकास समिति गठन गरि व्यवस्थापनको कार्य अगाडी वढाउने प्रक्रिया अगाडी वढेको छ ।

**सुशासन तथा संस्थागत विकास सम्वन्धि भएका उपलब्धी**

गाउँपालिकाले सु-शासन तथा संस्थागत विकास अन्तर्गत प्रशासन सेवा तर्फ ९ जना स्वास्थ्य तर्फ ८ जना प्राविधिक सेवा तर्फ २ जना र सहायक सेवातर्फ २ जना कर्मचारी गरी कुल २१ जना कर्मचारी प्राप्त गर्न सकेको सकारात्मक पक्ष हो । हाल सवै वडाहरुले स्थायी वडा सचिव प्राप्त गर्न सकेको । वडा वडामा घुम्ति शिविर संचालन मार्फत योजना सम्झौता भएको, वडा वडा मार्फत जेष्ठ नागरिक भत्ता वितरण हुने गरेको, स्वास्थ्य शिविर मार्फत नागरिकको आधारभूत स्वास्थ्य सेवा तथा आँखा उपचार सेवा संचालन भएको, वार्षिक योजना तथा आवधिक योजना निर्माणमा सवै वडा वडामा गई सुझाव संकलनको काम सम्पन्न भएको, कर्मचारी तथा जनप्रतिनिधि विच नागरिकलाइ प्रदान गर्ने सेवाको वारेमा छलफलको प्रारम्भ भएको, पालिकाको कर्मचारी हरुको मासिक वैठक संचालन भइ मासिक प्रगती समिक्षा हुने गरेको, विद्युतीय हाजिरि प्रणाली संचालनमा आएको, वडा सचिव लगायत अन्य कर्मचारीहरुलाइ क्षमता विकास कार्यक्रम संचालन भएको ।

सुशासन तथा संस्थागत विकास अन्तर्गत नै गाउँपालिकाले तपसिल अनुसारका गाउँपालिका ऐन, नियमावली, निर्देशिका, विधेयक र कार्यविधि र संकल्प  निर्माण तथा जारि गरिसकेको छ ।

**ऐन : -**

१. साल्पासिलिछो गाउँपालिका शिक्षा- २०७५,
२. साल्पासिलिछो गाउँपालिकाको सहकारी ऐन -२०७५
३. साल्पासिलिछो गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन -२०७८
४. साल्पासिलिछो गाउँपालिकामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न वनेको ऐन -२०७८
५. सल्पासिलिछो गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन -२०७८
६. कृषि व्यवसाय प्रवद्धन सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन -२०७८,

गरि जम्मा ६ ओटा ऐनहरु निमार्ण भइसकेको छ ।

**विधेयक तथा नियमावली :-**

१. साल्पासिलिछो गाउँपालिका शिक्षा नियमावली -२०७५,

२. साल्पासिलिछो गाउँपालिकाको न्यायिक समितिले उजुरी किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न वनेको शंसोधित विधेयक-२०८०,

३. साल्पासिलिछो गाउँपालिकाले वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्वन्धामा व्यवस्था गर्न वनेको विधेयक -२०७८,

४. सल्पासिलिछो गाउपालिकको गाउ कार्यपालिका ( कार्य विभाजन ) नियमावली -२०७४ ,

**नीति तथा निर्देशिका :-**

१. साल्पासिलिछो गाउँपालिकाको जेष्ठ नागरिक परिचय —पत्र वितरण निर्देशिका -२०७८ ,
२. गाउँपालिका वाट गरिने वजार अनुगमन निर्देशिका -२०७५
३. साल्पासिलिछो गाउपालिकको शिक्षा नीति -२०७५ ,
४. सल्पासिलिछो गाउँपालिकाको अनुदान तथा आर्थिक सहायता सम्वन्धि निर्देशिका -२०७८,
५. इ.सी.डी कर्मचारी तथा कार्यालय सहयोगी छनौट निर्देशिका -२०७६ ,
६. स्थानीय उर्जा विकास सम्वन्धि निर्देशिका -२०७५,

**कार्यविधिः-**

१. साल्पसिलिछो गाउँपालिकाको संक्षिप्त वातावारणीय अध्ययन तथा प्राम्भिक वातावारणीय परिक्षण कार्यविधि -२०७८,
२. सल्पासिलिछो गाउँपालिकाको जलश्रोत उपयोग कार्यविधि -२०७८ ,
३. सल्पासिलिछो गाउपालिकको प्रशासकीय कार्यविधि- २०७८ ,
४. साल्पासिलिछो गाउँपालिकाको लघु, घरेलु तथा उद्योग दर्ता , नविकरण ,संचालान र नियमन सम्वन्धि कार्यविधि -२०७८,
५. सल्पासिलिछो गाउँपालिकाको स्थानीय वाल संरक्षण कोष ( संचालन) कार्यविधि-२०७८,
६. साल्पासिलिछो गाउँपालिकाको पशु/ कृषि/एकीकृत कृषि फर्म तथा समुह दर्ता कार्यविधि -२०७८,
७. साल्पासिलिछो गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्वन्धि कार्यविधि -२०७८,
**८.** साल्पासिलिछो गाउँपालिकाको कार्यक्रम तथा योजना संचालन कार्यान्वयन र फराफराक कार्यविधि **-२०७८,**

साल्पासिलिछो गाउँपालिका

९. साल्पासिलिछो गाउँपालिकाको शिक्षक छनौट परिक्षा संचालन कार्यविधि -२०७८,
१०. सल्पासिलिछो गाउपालिकको मेलमिलाप कार्यसंचालन सम्वन्धि कार्यविधि -२०८० ,
११. साल्पासिलिछो गाउपालिकको कार्यसंचालन सम्वन्धि कार्यविधि -२०७८,
१२. साल्पासिलिछो गाउपलिकाको लेखा समिति संचालन कार्यविधि -२०६७,
१३. साल्पासिलिछो गाउँपालिकाको टोल विकास संस्था - कार्यविधि( गठन तथा परिचालन ) ,२०७८
१४. साल्पासिलिछो गाउपालिकको शिक्षा योजना कार्यान्वयन सम्वन्धि कार्यविधि,२०७६-
१५. आदिवासी जनजाती सुचीकरण कार्यविधि २०७९

**संकल्प —पत्र**

१. **मुन्धुम ट्रेल — साल्पासिलिछो विकास तथा प्रवर्द्धन सम्मेलन संकल्प-पत्र ( साल्पासिलिछो संयुक्त संकल्प पत्र ) -२०८०,**
२. यस गाउँपालिकाले गत आ.व मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६४% अंक प्राप्त गरेको थियो भने यस आर्थिक वर्षमा ७२.७५% प्राप्त गरेको छ ।राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएको छ ।

**(च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाका सदस्य ज्युहरु :
अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनोपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक प्रावि लाई नमूना विद्यालयको रूपमा शुरूआत गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।
२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था अनुसार मातृभाषामा पठनपाठनको शुरुवात गरिने छ ।
३. अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइने छ साथै विद्यालय तथा शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गर्न विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्य लाइ विशेष जोड दिइने छ।

४. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम निर्माण भइ सकेको हुँदा सो को आधारमा यस आ.वा ८०/८१ मा कक्षा १-३ सम्मको पाठ्यपुस्तक तयार गरिनेछ । आगामी आर्थिक वर्षहरुमा क्रमश कक्षा ४-५ र कक्षा ६-८ को पाठ्यपुस्तक समेत प्रकाशन गरिने छ ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालयसरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा संघीय तथा पालिकाको आन्तरिक दरवन्दी लाइ विषयगत र कक्षागत रुपमा दरबन्दी समायोजन एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१०. सबै विद्यालयहरुलाइ प्रविधिमैत्री विद्यालय वनाउन कम्प्युटर ल्याव नभएका विधालायाहरुमा कम्प्युटर ल्याव, ई-कक्षा, ई-पुस्तकालय र विज्ञान प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

११. माध्यामिक तथा आधारभूत विधालायहरुमा हाल भइ रहेको इन्टरनेटको क्षमतालाई दोव्वर क्षमताको वनाइने छ ।

१२. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१३. साल्पासिलिछो गाउँपालिका भित्रका विद्यार्थीहरुको क्षमता विकास तथा नेतृत्व विकासको लागि प्रतिभा पहिचान कार्यक्रम संचालन गरिनेछ । शिक्षक, विद्यार्थी र अभिभावक वीच अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

१४. साल्पासिलिछो गाउँपालिकाका आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरु लाइ प्रति विद्यार्थी १० वोट फलफुलको विरुवा रोपी विद्यार्थी स्वयमको कमाइमा उच्च शिक्षा अध्ययन गर्ने वातावरण तयार गर्न विद्यार्थी तथा विद्यालयहरु लाइ प्रोत्साहित गरिनेछ ।

१५. विद्यालय शिक्षाको क्षेत्रमा गुणस्तरीयता, शिक्षामा समतापूर्ण पहुच, दिगो विकास, शैक्षिक प्रणालीको सुद्धढीकरण तथा समावेशीकरणको लागि सकारात्मक परिवर्तन ल्याउन "Education the world – Education the future "भन्ने मुख्य नारा वोकेको United world school Nepal संग साल्पासिलिछो गाउँपालिकाले समन्वय सहकार्यको नीति लिइनेछ ।

१६. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, शिक्षणका लागि शिक्षक डायरी, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अभिभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) लाइ प्रभाकारी लागु गर्ने नीति अवलम्बन गरिनेछ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता प्रतिक हरु निर्माण गरिनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षणका लागि मातृभाषा दिवस लाइ उत्सवको रुपमा मनाउने त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन साथै विद्यालयहरुमा पठनपाठन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. साल्पासिलिछो गाउँपालिका खेलकुद कार्यविधि निर्माण गरि सो कार्यविधिको आधारमा संचालित हुने गरि एक साल्पासिलिछो खेलकुद विकास समिति गठन गरि खेलाडीहरुलाई प्रशिक्षणको नीति अवलम्वन गरिनेछ ।

३. समाजका विकृत, विसंगति र दुर्व्यसन जस्ता समाज विरोधी कार्यहरुको न्यूनीकरण गर्न युवाहरुको क्षमता र नेतृत्वको विकास गरि साल्पासिलिछो गाउँपालिकाका युवा शक्तिलाइ समाज निर्माण कार्यमा सहभागी गराउने नीति अवलम्वन गरिनेछ ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई गाउँपालिका भित्रै स्वरोजगार वन्न प्रोत्साहन गरिनेछ ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशीलता क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि सुरक्षा तथा उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।
४. विकासका कार्यक्रमहरुमा टोल- टोलमा, टोल विकास समित निर्माण गरि सो संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइने तथा सघन परिचालन गरिनेछ।
५. अपाङ्गता भएकाहरुलाई समाज निर्माणमा सहभागी गराउन र स्वरोजगार वनाउन सिप विकास, क्षमता विकास तालिमको व्यवस्था गरिने तथा एक कार्यालयको व्यवस्थापन समेत गरिनेछ।
६. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
७. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितहरु लाइ संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
८. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
९. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि ( सुत्केरी पोषण कार्यक्रम तथा सुत्केरी भेटघाट ) कार्यक्रम संचालन गरिनेछ।
१०. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
११. बालविकास कक्षाहरु लाइ व्यवस्थित तथा वालामैत्री वनाइने छ ।
१२. गाउँपालिका सवै वाडाहरु लाइ बालमैत्री वडा वानाउने कामको प्रारम्भ गरिनेछ ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्वास्थ्यमा नागरिकको पहुँच सुनिश्चित गर्न वडा न. २ कुलुङ स्वास्थ्य चौकी लाइ विशेषज्ञ चिकित्सक, प्रयोगशाला र फार्मेसी सेवा तथा वडा न. ५ च्याक्सिलामा स्वास्थ्य इकाईको स्थापना र सवै स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी रोकथाम, निदान र सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको जाँचको प्रबन्ध मिलाइने छ।
३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
४. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।
५. आर्थिक रुपमा अति विपन्न गाउँपालिकाका नागरिकहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।
६. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
७. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण र खेति प्रवर्दन कार्यहरु संचालन गरिनेछ।
८. महिला स्वयंसेविकाहरुको क्षमता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइने साथै महिला स्वयम् सेविका दिवसको दिन महिला स्वयम सेविका हरुलाई सम्मान गरिने छ ।
९. अपाङ्गता, वृद्ध-वृद्धा, सीमान्तकृत, गरीव तथा पछाडी परेका समुदायहरुको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम लाइ निरन्तरता दिइनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**२.१** साल्पासिलिछो गाउँपालिकाले स्थानीय आर्थिक विकास योजना निर्माण गरि हरेक आर्थिक विकासको कार्यक्रमलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागितामा छलफल तथा कार्यक्रम तर्जुमा गर्नेछ ।

यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, **आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता** सहितको सीप विकास, उद्यमशीलता विकास कार्यशाला तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरणमा जोड दिइनेछ ।

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
२. साल्पासिलिछो गाउँपालिका भित्र संचालित परम्परागत घरेलु उद्योगहरु, नेपाली हाते कागज उद्योग , अल्लो उद्योग, वासद्वारा सामग्री निर्माण उद्योग, ऊन द्वारा सामाग्री उत्पादन उद्योग, फर्निचर उद्योग, वन तथा वन पैदावार उद्योग, कृषि जन्य उद्योग आदि उद्योग धन्दा संचालन गरि रोजगारी सिर्जनाको लागि प्रोत्साहन गरिने छ ।
३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटन विकासको नीति लिइनेछ।
४. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजनाको आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
५. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न एकीकृत पर्यटकीय संजाल कार्यान्वयन प्रारम्भको प्रयास गरिनेछ।
६. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
७. पर्यटकीय स्थान, गाउँपालिका तथा वडा कार्यालय परिसर , मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षक होर्डिङ्ग वोर्डहरु राख्ने व्यवस्था मिलाइने छ ।
८. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र व्रोसर हरुको प्रकाशन गरि वितरण गरिनेछ।
९. अन्तर पालिका, पर्यटन संग सम्बन्धित संघ संस्था, पर्यटन वोर्ड, संघिय सरकार, प्रदेश सरकार संग सम्बन्ध विकास तथा समन्वय गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध विस्तार गरिनेछ।
१०. मुन्धुम ट्रेल — साल्पासिलिछो विकास तथा प्रवद्धन सम्मेलन २०८० द्वारा प्रस्तुत साल्पासिलिछो २४ वुदे संयुक्त संकल्प पत्र लाइ कार्यान्वयनको लागि आवश्यक पहल गरिनेछ ।
११. योगमाया स्मृति प्रतिष्ठान र साल्पासिलिछो क्षेत्रलाई राष्ट्रिय सम्पदा सुची साथै विश्व सम्पदा सुचीमा सुचीकृत गर्न पहल गरिनेछ ।
१२. विदुषी योगमायालाई राष्ट्रिय विभुती घोषणा गर्नका लागि आवश्यक पहल गरिनेछ ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. "एक टोल एक उत्पादन , एक वडा एक विशेष उत्पादन " कार्यक्रम अन्तर्गत लिची , आँप ,वेसार, अकवरे खुर्सानी, लसुन, कागती, प्याज कफी, सुन्तला, कि.वि फल, एभोकाडो , ओखर, आल्मंड, अंगुर, ड्रागन फल , आलु, चिराइतो, अलैची , अम्लिसो, वन तरुल आदि

तथा उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु निर्माण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. हाल महामारीको रुपमा अनियन्त्रित लम्फी स्कीन रोगका कारण किसानहरुमा पर्न गएको असुविधा लाइ मध्यनजर गरि ५०% अनुदानमा हाते ट्याक्टर खरिद गरि सहि उपयोग र सदुपयोग गर्ने सर्त सहित किसानहरुको समस्यालाई तत्कालिन समाधानको नीति लिइने छ ।

३. कृषकहरुलाइ कृषि सम्वन्धि क्षमता विकास , सिप विकास र प्रविधि हस्तान्तरण तथा कृषि लाइ व्यवसायिक र उत्पादन मुखी वनाउन कृषि सहकारी गठनमा जोड दिइने छ ।

४. पशुपालन व्यवसाय लाई विस्तार गर्नका लागि भकारो सुधार कार्यक्रम, वङगुर पालन, माछा पालन, कुखुरा पालन आदि कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

५. कृषक द्वारा उत्पादिन खाद्यान्न वाली सुरक्षा गरि साल्पासिलिछो वासीहरु लाइ खाद्यान्न संकट मुक्त वनाउन मल, विउ तथा प्राविधिक सहयोगका साथै वादर नियन्त्रण कार्य लाइ समेत विषेश पहलका साथ कार्यान्वयन गरिनेछ ।

६. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्कको आधार निर्माण गरिनेछ।

७. ब्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार , सुख्खा भण्डारण केन्द्र तथा गोदाम घरहरुको प्रारम्भिक पूर्वाधार निर्माण गरिनेछ ।

८. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सफ्टवेयर** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. तोरी, सूर्यमुखी तथा तेलजन्य वालीलाई प्रवर्दन गरि साल्पासिलिछो लाइ खाने तेलमा आत्मनिर्भर वनाइने छ ।

१०. गाउँपालिकाको सवै वडाहरुमा ऊखु तथा सुन्तला खेतिको सघन विस्तार तथा उत्पादन कार्यक्रम संचालन गरि ऊखु तथा सुन्तला वालिलाई प्रशोधन गरि सख्खर उत्पादन र जुस उत्पादन गरि हाल वेचविखन भइ रहेका कोक, ड्यु, स्प्राइट जस्ता पेय पदार्थहरुलाई प्रतिस्थापन गरि आफनै उत्पादन आफै उपभोगको नीति ल्याइने छ ।

११. असल जातका रुद्राक्षको विरुवा उत्पादनका निम्ती अध्ययन अनुसन्धान गरिनेछ ।

### ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. साना- साना समुहहरुलाई सह-कार्य र साझेदारी विकास प्रक्रियामा संलग्न गराउन सहकारीको माध्यम वाट उत्पादनमा सहभागी गराइनेछ । र हाल संचालनमा रहेका सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्न अनुगमन र नियमन लाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र उत्पादन प्रर्वदन तथा वार्षिक उत्पादनका आधारमा अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पुँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई अगाडी वढाईने छ ।

**५.** कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

**३. उर्जा सम्वन्धि नीति :**

१. प्रत्येक वडामा केन्द्रीय विद्युत विस्तार आयोजना संचालन पहल गरिने छ । यस आर्थिक वर्ष ८०/८१ मा गाउँपालिका भित्र ७०% विद्युत विस्तार कार्यक्रम संम्पन्न गर्ने लक्ष्य लिइनेछ ।

२. पालिका क्षेत्र भित्रका सम्पूर्ण विद्यालय तथा सरकारी कार्यालयहरुमा विधुतीय माध्यम वाट पठनपाठन तथा कार्यालयका कामकाजको पनि सोहि अनुसार व्यवस्था मिलाइने छ ।

३. उर्जामा आधारित उद्यमहरु संचालनका लागि व्यवसायिक सम्भाव्यता अध्ययन गरिनेछ ।

४. विद्युत सेवा वाट वन्चित वडा वस्तीहरुमा सौर्य उर्जाको व्यवस्था निशुल्क गरि विद्युत सेवा वाट लाभान्वित गराइने छ ।

५. उर्जामा आधारित बृहत आर्थिक तथा सामाजिक विकासको लागि कार्यक्रम प्रवर्द्धन गर्न साझेदार संस्थाहरुसंग समन्वय गरि योजना संचालन गरिने छ ।

६. साल्पासिलिछो गाउँपालिका भित्र संचालित हाईड्रोपावरहरुलाई साल्पासिलिछो गाउँपालिकाको विकासका निम्ति समन्वय र सहभागिता गराईनेछ ।

**४. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णयहरु असल प्रयासहरु तथा सूचनाहरुमा जनताको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. सुचना अभावको कारण गाउँपालिका वाट प्राप्त गर्नु पर्ने सुचना समयमानै प्राप्त नभएको कारण प्राप्त हुनुपर्ने सेवा वाट वन्चित हुन् नपरोस भन्ने आसयले गाउँपालिकाले डिजिटल नागरिक वडा-पत्र, मोवाइल एप्लिकेसन आदिको माध्यम वाट आम नागरिकलाइ नागरिकको घरदैलो तथा हातहातमा सुचना पुर्याउन सुचना तथा जन-सम्पर्क डेस्कको व्यवस्था गर्ने नीति लिइनेछ

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै टेलिफोन टावर स्थापना, इन्टरनेटको विस्तार, क्षमता विकास गरि सरकारी कार्यालयहरु, विद्यालयहरु तथा सम्पूर्ण गाउँपालिकाको सवै वडा कार्यालयहरुलाइ सुचनामैत्रि बनाइनेछ।

साल्पासिलिछो गाउँपालिका

४. नागरिकहरुमा सुचनाको प्रसारलाइ थप प्रभावकारी वनाउन सामाजिक संजाल फेसवुक, म्यासेन्जर, वाट्सएप, भाइवर, इमो र इमेलको माध्यम तथा नागरिक मोवाइल एस.एम.एस (टेलि म्यासेज प्रणालीको समेत ) प्रणालीको समेत संचालन गरिनेछ ।

## ५. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न न्यायिक इजलास कक्षाको छुटै व्यवस्था गरि यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **DIGITAL JUSTICE SYSTEM** तयार गरी लागु गरिनेछ ।
६. वडा मेलमिलापकर्ताहरुको क्षमता विकास तथा मेलमिलाप केन्द्रहरु लाइ संस्थागत प्रणाली अन्तर्गत व्यवस्थापन कार्यमा जोड दिइने छ ।

## ६. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका वाट प्रदान गरिने सेवाहरु आयोजना सम्झौता, अपाङ्गता परिचयपत्र वितरण, जेष्ठ नागरिक भत्ता वितरण, जेष्ठ सम्मान कार्यक्रम, जेष्ठ नागरिक परिचय पत्र, स्वास्थ्य परिक्षण कार्यक्रम, लगायतका अन्य सार्वजानिक सेवाहरुलाई वडा तथा टोल - टोल सम्म पुगी सेवा प्रदान गर्ने कार्यक्रम लाइ निरन्तरता तथा विस्तार गरिनेछ ।
२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्न गाउँपालिकामा सुचना तथा गुनासो पेटिका तथा नागरिक सुचना क्केन्द्रको स्थापना गरिने छ ।
३. विद्युतीय हाजिरि जडान गर्ने कार्य लाइ वडा कार्यालय, विद्यालय , स्वास्थ्य संस्थाहरुमा क्रमश जडान गर्दै लगिने नीति लिइने छ ।
४. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु, लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
५. प्रत्येक ३ महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

६. गाउँपालिकाको कार्यालयको मानव संशाधन वा कर्मचारी पर्याप्त नभएको शाखा तथा क्षेत्रमा सम्बन्धित विषयका कर्मचारीहरुको दरवन्दी सृजना गरि नागरिक सेवालाई प्रभावकारी वनाइनेछ ।

७. गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारी वाट मात्र सम्भव नहुने प्रकृतिका कामकाजहरुमा विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञ सेवा परामर्श मार्फत सेवा लिने नीति अवलम्बन गरिनेछ ।

८. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण आदि कार्यक्रम संचालन गरिनेछ ।

९. गाउँपालिका तथा वडा कार्यालय बाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।

१०. गाउँपालिका बाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीको प्रारम्भ गरिनेछ ।

११. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "साल्पासिलिछो गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्न बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

१२. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन गाउँपालिकामा CCTV जडानको व्यवस्था मिलाइने छ ।

१३. सडक फुटपाथमा हुने अव्यवस्थित निर्माण सामाग्री भण्डारण र अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै लगिनेछ ।

१४. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र उपभोक्ता हितलाइ मध्यनजर गर्दै उपभोग्य सामानहरुको गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने सार्वजानिक ठाउँहरुमा व्यापारी र उपभोक्ताहरुलाइ जानकारीको लागि होडीङ वोर्ड राखी सुचित गराइने र यस्तो अनुगमनमा उपभोक्ता र व्यवसायीहरुलाई समेत संलग्न गराइनेछ।

१५. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१६. विपन्न र न्यून आय भएका घर परिवारहरुको पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गर्न तथ्याकं संकलन गरि प्रशोधन कार्यको लागि प्रक्रिया वढाइने छ ।

१७. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यमकालिन खर्च संरचना (MTEF) पद्धति निर्माण गरी प्रयोगमा ल्याइने छ।

१८. संघीय सरकार ,प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१९. वैदेशिक रोजगारमा जान लागेका युवाहरु लाइ रोजगार सम्वन्धि पुर्व सचेतना कार्यक्रम र गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवाको प्रारम्भ गरिनेछ । रोजगार रणनीतिको निर्माण गरिनेछ ।

साल्पासिलिछो गाउँपालिका

२०. जनप्रतिनिधि र कर्मचारीलाई पोशाकको व्यवस्था गरी सबैले पोशाक लगाउने नीतिलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## ७. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिल समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानी समस्या समाधान प्रक्रिया अगाडी वढाइने छ ।

२. गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा सम्भाव्यता अध्ययन कार्य अघि बढाइनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने कार्यलाई निरुत्साहित गर्ने नीति लिइनेछ।

६. विशेष गरि प्लाष्टिक तथा शिशा-जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोला र शिशा जन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

### ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्ने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने । हरित ग्यास उत्सर्जनलाइ कटौती गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।

२. ठुला ठुला पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययनको शुरुवात गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, सडकको संरक्षण , खानेपानीको मुहान तथा आयोजनाको संरक्षण तथा समग्र विकासका पूर्वाधारको संरक्षण जल, जमिन तथा जलाधारको संरक्षणको पहल गरिनेछ ।

५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

७. भुकम्पीय जोखिम न्यूनिकरणको लागि गाउँपालिकाले निर्माण गरिने सम्पूर्ण संरचनाहरु लाइ भूकम्प प्रतिरोधि निर्माण कार्यलाई प्राथमिकता दिइनेछ साथै सम्पूर्ण साल्पासिलिछो वासी नागरिकहरु लाइ समेत प्रोसाहित गरिनेछ ।

८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

९. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१०. सम्बेदनशील क्षेत्रका जमिनहरुको अतिक्रमण कार्यलाई नियन्त्रण गरिनेछ ।

११. सामुदायिक वनहरुलाई संगठित र परिचालित गरी वन पैदावारबाट प्राप्त आम्दानीलाई नागरिकसामु समन्यायिक ढंगले वितरण गरिनेछ ।

## ८. भौतिक पूर्वाधार विकास तथा यातायात सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिकाले सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन भौतिक पूर्वाधार कार्यालय संग समन्वय गरिनेछ ।

४. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाको गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

५. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरु गाउँपालिका अस्पताल, नागदह मोटरेवल पुल, गाउँपालिका सभाहल लाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

६. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

७. नेपाल राष्ट्रिय भवन संहिता २०६०शहरी योजना तथा भवन निर्माण ,वस्ती विकास , ,२०७२सम्बन्धी मापदण्ड राष्ट्रिय भू २०५६भवन तथा योजना मापदण्ड ,उपयोग नीति-लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी मापदण्ड तथा निर्द ,ऐनेशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

९. गाउँपालिका भित्रको सडकको मापदण्ड निर्माण गरि सडकको लगत कट्टा गर्ने कायको शुरुवात गरिने छ ।

१०. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य लाइ निरन्तरता दिइनेछ ।

११. गाउँपालिका तथा वडा पालिकाको सीमा क्षेत्र यकिन गरि सीमानामा स्वागत तथा सिमाना साकेतिक वोड निर्माण गरिनेछ।

१२. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्याविधक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

१३. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र विकास साझेदार संस्थाहरु संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१४. पूर्वाधार निर्माण ( विकास निर्माण ) कार्य संचालन गर्न गठित उपभोक्ता समितिमा सम्वन्धित टोल वासीहरुलाइ पहिलो प्राथमिकता दिइ आयोजना संचालन गर्ने र उपभोक्ता समिति गठन गर्दा अनिवार्य समावेशी नीति अख्तियार गर्ने साथै आयोजना संचालन तथा आयोजना संरक्षणको निम्ति उपभोक्ता समिति समेत जिम्मेवार हुनु पर्ने छ ।

१५. गाउँपालिका भित्र संचालनमा रहेका सवारी यातायात भाडा दर लाइ गाउँपालिका, उपभोक्ता तथा यातायात व्यवसायी विच विशेष छलफल गरि नयाँ भाँडा दर कायम गरिने छ ।

१६. गाउँपालिकाका विभिन्न ठाउँहरुमा पक्की पुल निर्माणको अध्ययन, निर्माण कार्य भइरहेकोलाई तिव्रता दिने साथै झोलुङ्गे पुल तथा ट्रस पुल निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

१७. भौतिक पुर्वाधार सम्बन्धी कार्य गर्दा दिगो विकास लक्ष्यका सिद्धान्तहरुको अवलम्बन गरिनेछ ।

## ९. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र

नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संस्थाहरु संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. हालको करको दरलाइ यथावत राखी करको दायरा विस्तार गर्ने नीति लिइनेछ ।
४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन र उपभोग कार्यलाई थप व्यवस्थित गर्न गाउँपालिकाको ढुंगा, गिट्टी ,बालुवा जस्ता नदीजन्य पदार्थहरुको आइ.इ.इ को प्रतिवेदनको आधारमा ठेक्का व्यवस्थापन प्रणाली मार्फत संचालन वा परिचालनको नीति अवलम्बन गरिनेछ ।
६. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।
७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
८. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

**धन्यवाद**

साल्पासिलिछो गाउँपालिका